उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३

चलानी नं: २४५६

---

मितिः २०८३/०३/०१

ने.स. ११४६, अनालागा १५, सोमबार

श्री विषयगत शाखाहरू,

श्री वडा कार्यालयहरू,

श्री सामुदायिक विद्यालयहरू,

श्री टोल विकास संस्था/अन्य संघसंस्था तथा उपभोक्ता समितिहरू,

श्री परामर्शदाताहरू,

श्री निर्माण ब्यवसायीहरू तथा सम्वन्धित सरोकारवालाहरू सबै ।

उमाकुण्ड गाउँपालिका, रामेछाप ।

बिषयः चालु आर्थिक वर्ष २०८२/०८३ को योजना/कार्यक्रमको भुक्तानी सम्वन्धमा ।

प्रस्तुत विषयमा चालु आ.व. ०८२/०८३ मा यस गाउँपालिकामा सञ्चालित योजना/कार्यक्रमको भुक्तानी सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । यद्यपि वर्षातको मौसम, विद्युत तथा इन्टरनेट सेवामा आईपर्ने समस्या तथा भुक्तानीका लागि प्रयोग हुने स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA) मा अत्यधिक कार्यचाप हुन गई सर्भर न्यून गतिमा चल्ने, डाउन हुने लगाएतका समस्या आईपर्ने भएकाले सम्वन्धित ब्यक्ति, वडा तथा शाखाका कर्मचारीहरू, विद्यालय, आपुर्तिकर्ता सेवा प्रदायक टोल विकास संस्था/अन्य संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी लगाएत सरोकारवाला सबैले सम्पुर्ण प्रक्रिया पुरा गरि चालु प्रकृतिको योजना/कार्यक्रमको हकमा २०८३ साल असार १० गते भित्र र पुंजीगत प्रकृतिको योजना/कार्यक्रमको हकमा मिति २०८३ साल असार १५ गते भित्र अनिवार्य आवश्यक कागजात पेश गरि भुक्तानी लिनुहुन अनुरोध गरिन्छ। सो अवधि भित्र फाईल पेश नभई भुक्तानी हुन नसकेमा कार्यालय जिम्मेवार नहुने बेहोरा समेत सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

पुस्कर देव गिरी
आर्थिक प्रशासन शाखा प्रमुख

डावा शेर्पा
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ**

श्री शेर बहादुर सुनुवार, गा.पा. अध्यक्ष,

श्री सावित्री सुनुवार, गा.पा. उपाध्यक्ष,

---

सुन्दर समृद्ध र विकसित उमाकुण्डको आधार- पर्यटन, कृषि, जलश्रोत र सम्पन्न पूर्वाधार।

Email:-ito.umakundamun@gmail.com,web:-www.umakundamun.gov.np